# कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन

करुणा नेपाल

परीक्षा क्रमाङ्क : २८७१०३७६

त्रि.वि.दर्ता नं. : ९-२-२०३-७९-२०१०

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत
चौथो सेमेस्टरको शोधपत्र नेपा.शि. (५४४) पाठ्यांशको
परिपूर्ति गर्ने प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शिक्षाशास्त्र केन्द्रीय विभाग

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि.कीर्तिपुर

२०७४/**2018**

# प्रतिबद्धता पत्र

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सन्दर्भ नदिई कही कतैबाट कुनैपनि सामग्री साभार गरिएको छैन । यसका कुनैपनि अंश अन्य कार्यका लागि प्रयोग गरिएको छैन । तसर्थ यो शोध नितान्त मौलिक छ भन्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

................

करुणा नेपाल

शोधार्थी

मिति : २०७४।११।०२

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत चौथो सेमेस्टरकी छात्रा करुणा नेपालले मेरोनिर्देशनमा रही तयार पार्नुभएको 'कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन' शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

................................

प्रा.डा.पारसमणि भण्डारी

(शोध निर्देशक)

मिति : २०७४।११।०३

Feb 15, 2018

## त्रिभुवन विश्वविद्यालय

## शिक्षाशास्त्र केन्द्रीय विभाग

## त्रि.वि.कीर्तिपुर

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत चौथो सेमेस्टरको शोधपत्र नेपा.शि.(५४४) पाठ्यांशको परिपूर्तिको प्रयोजनार्थ प्रस्तुत 'कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क्र.स. नाम | दस्तखत |
|---|---|
| १.प्रा.डा.रामप्रसादभट्टराइ | (विभागीयप्रमुख) |
| ................ | |
| २.प्रा.डा.रामचन्द्रलम्साल | (शोधविशेषज्ञ) |
| ................. | |
| ३.प्रा.डा.पारसमणिभण्डारी | (शोधनिर्देशक) |
| ................. | |

मिति : २०७४।११।१५

# कृतज्ञता पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत चौथो सेमेस्टरको शोधपत्र नेपा.शि.(५४४) पाठ्यांशको परिपूर्तिको प्रयोजनार्थ प्रस्तुत 'कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन' श्रद्धेय गुरु प्रा.डा.पारसमणि भण्डारीको निर्देशनमा तयार गरेकी हुँ । हालसम्म यो विभागअन्तर्गत तयार नगरिएको शोध शीर्षक चयन गरिदिई मेरो शोधलाई नवीन बनाउन सहयोग गर्नुका साथै आफ्नो व्यस्त समयका बिचमा पनि आवश्यक ज्ञान दिई शोधप्रस्ताव लेखनदेखि शोधपत्र लेखन सम्ममा सहज भूमिकाका साथ अमूल्य सहयोग गर्नुहुने श्रद्धेय गुरुज्यूप्रति म हृदयत : आभार एवम् कृतज्ञ छु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी प्रस्तुत शीर्षकमा शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा.रामप्रसाद भट्टराईज्यू तथा शोधपत्र सम्बन्धी सैद्धान्तिक ज्ञान दिनुहुने शिक्षाशास्त्र सङ्कायका सम्पूर्ण गुरुहरूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोधपत्र लेखनका क्रममा आवश्यक सहयोग गर्नुहुने पाँचथर जिल्ला याङ्वरक गाउँपालिकाका शिक्षकहरू र पाठ्यक्रम विकास केन्द्रका विशेषज्ञहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । शोधपत्र तयार पार्ने क्रममा आवश्यक शोधपत्र उपलब्ध गराई सहयोग गर्नुहुने ताहाचल क्याम्पस र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली विभागको पुस्तकालयप्रति पनि आभार प्रकट गर्दछु ।

यो शोधपत्र तयार पार्ने क्रममा टङ्कण सेटिङ मिलाउन सहयोग गर्नुहुने दाजु किरण नेपाल र शोधपत्र लेखनका क्रममा सहयोग गर्ने मेरा सम्पूर्ण साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

करुणा नेपाल

शोधार्थी

## शोधसार

शोधशीर्षक : कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन

शोधार्थी : करुणा नेपाल

शोध निर्देशक : प्रा.डा.पारसमणि भण्डारी

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ

अध्याय : सात

पृष्ठ सङ्ख्या : ८७+ १५

**शोधपत्रका उद्देश्यहरू**

प्रस्तुत शोधपत्रका उद्देश्यहरू यसप्रकार रहेका छन् :

क.शिक्षक निर्देशिकाको प्रयोगसम्बन्धी शिक्षक र विशेषज्ञको धारणा पत्ता लगाउनु ।

ख. शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्याहरू पहिचानगरी समाधानका उपायहरू सुझाउनु ।

ग. कक्षा ८ का लागि शिक्षक निर्देशिका तयार गर्नु ।

**शोध विधि**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत चौथो सेमेस्टरको शोधपत्र नेपा.शि.(५४४) पाठ्यांशको परिपूर्तिको प्रयोजनार्थ प्रस्तुत 'कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन' शीर्षकको शोधपत्र मुख्यत : सैद्धान्तिक विधिअन्तर्गत पुस्तकालयीय पद्धति र अंशत : क्षेत्रीय अध्ययन विधिद्वारा तयार पारिएको छ । कक्षा आठको नेपाली विषयका ११ वटा पाठका लागि नमुना शिक्षक निर्देशिका तयार पारिएको यो शोधमा पाँचथर जिल्लाका पाँचवटा आधारभूत तहका दशजना शिक्षक र पाठ्यक्रम विकास केन्द्रका दुईजना विशेषज्ञलाई नमुना जनङ्ख्याका रूपमा लिइएको छ । उक्त छनोटमा परेका जनङ्ख्याबाट आवश्यक तथ्याङ्क लिई सो को विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**शोध निष्कर्ष**

(क) शिक्षक निर्देशिकाले शिक्षण कार्यमा शिक्षकलाई सहयोग पुगेको पाइन्छ ।

(ख) शिक्षक निर्देशिकाको प्रयोगलाई बढाउन विद्यालयलाई प्रविधिमैत्री बनाउनुपर्ने देखिन्छ ।

(ग) निर्देशिकामा भएबमोजिम कक्षा सञ्चालनका लागि शिक्षक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

(घ)निर्देशिका प्रयोग भएको/नभएको अनुगमनगरी आवश्यक पक्षमा सुधार गर्न सकेमा निर्देशिकाकोप्रयोग र प्रभावकारिता उद्देश्यअनुरूप हुने देखिन्छ ।

**विषयसूची पेज नं.**

अध्याय - एक

शोध परिचय

१.१ अध्ययनको पृष्ठभूमि १-३

१.२ समस्याकथन ३

१.३ उद्देश्य ४

१.४ अध्ययनको सान्दर्भिकता र उपयोगिता ४-५

१.५ अध्ययनको परिसीमा

५१.६ अध्ययनको रूपरेखा ५-६

अध्याय - दुई

पूर्वकार्यको समीक्षा

२.१ पूर्वकार्यको पुनरावलोकन ७

२.२ पुस्तक समीक्षा ७-८

२.३ शोधपत्रको समीक्षा ८-१२

अध्याय - तिन

अध्ययन विधि र प्रक्रिया

३.१ अध्ययन विधि १३

३.१.१जनसङ्ख्या १३

३.१.२ नमुना छनोट विधिको निर्धारण १३

३.१.३ नमुना छनोट १३
३.२ तथ्याङ्क सङ्कलन १३
३.२.१ प्राथमिक स्रोत १३
३.२.२ द्वितीय स्रोत १४
३.३ तथ्याङ्क सङ्कलनका उपकरणहरू १४
३.३.१ अन्तर्वार्ता १४
३.३.२ प्रश्नावली १४
३.३.३ मतावली १४
३.४ तथ्याङ्क विश्लेषण १४

अध्याय - चार

शिक्षक निर्देशिकासम्बन्धी शिक्षक र विशेषज्ञको धारणा

४.१ शिक्षक निर्देशिकासम्बन्धी शिक्षकको धारणा १५-१६
४.२ शिक्षक निर्देशिकासम्बन्धी विशेषज्ञको धारणा १६-१७

अध्याय - पाँच

शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्या र समाधानका उपायहरू

५.१ शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्याहरू १८
५.२ शिक्षक निर्देशिका प्रयोगमा देखापरेका समस्याको समाधानका उपायहरू १८-१९

अध्याय - छ

कक्षा आठका लागि शिक्षक निर्देशिका लेखन

६.१ शिक्षक निर्देशिका लेखन २१-८४

अध्याय - सात

सारांश, निष्कर्ष र उपयोगिता

७.१ सारांश ८५

७.२ निष्कर्ष ८६
७.३ उपयोगिता ८७
सन्दर्भसूची
व्यक्तिवृत

# तालिका सूची

पेज नं.

तालिका नं. १ तपाईको विद्यालयमा समयमै निर्देशिका प्राप्त भएको छ ? छैन भने के कारणले छैन ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया १५

तालिका नं.२दैनिक रूपमा निर्देशिकाको प्रयोग गरी शिक्षण गर्न सम्भव छ ? छैन भने किन छैन ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया १५

तालिकानं.३ तपाईले प्रयोग गर्नुभएको निर्देशिकामा के कमजोरीहरू पाउनुभयो ? भन्ने प्रश्नमा प्राप्त प्रतिक्रिया १६

# सङ्क्षिप्त शब्दावली

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
| --- | --- |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| जि.शि.का | जिल्ला शिक्षा कार्यालय |
| नं. | नम्बर |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| मा.वि. | माध्यमिक विद्यालय |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |